स्थानीय सरकार
घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

पत्र संख्याः २०८३/०८४
चलानी नं.: १८९९

मितिः २०८३/०६/३०

श्री वडा अध्यक्षज्यू,
वडा कार्यालय, वडा नं. १ देखि १९ सम्म,
घोराही उपमहानगरपालिका, दाङ।

विषयः निर्णय कार्यान्वयन तथा आवश्यक समन्वय सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, दाङबाट प्राप्त पत्र तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पत्रसाथ संलग्न विपद् प्रतिकार्य कमाण्ड पोस्टको मिति २०८३/०६/२९ को निर्णय नं. १ कार्यान्वयन गर्न अनुरोध भई आएको हुँदा उक्त निर्णयको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाइ निर्णय कार्यान्वयन प्रगति तथा आवश्यक विवरण यस महाशाखामा उपलब्ध गराउनु हुनसमेत अनुरोध छ।

मदनकुमार वली
प्रमुख
वातावरण तथा विपद् व्यवस्थापन महाशाखा

मदन कुमार वली
प्रमुख
वातावरण तथा विपद् व्यवस्थापन महाशाखा

सादर अवगतार्थ
श्रीमान् नगरप्रमुखज्यू/उप-प्रमुखज्यू।
बोधार्थ
१. श्री प्रमुख प्रशासकीय अधिकृतज्यू।
२. श्री सूचना तथा प्रविधि शाखा, पत्र website मा राखिदिनुहुन।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

घोराही, दाङ

०८२-५६३५४०
०८२-५६०१३३

पत्र संख्याः-२०८३/०८४
चलानी नं.- १६८९

मितिः-२०८३/०६/२९
ने.स.११४६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह , दाङ (सबै)।

प्रस्तुत विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं.१००५, मिति २०८३/०६/२८को पत्र यसै साथ संलग्न राखि पठाईएको छ। उक्त पत्रमा उल्लेख भए वमोजिम विपत प्रतिकार्य कमाण्ड पोष्टको मिति २०८३/०६/२६ को निर्णय नं १.कार्यान्वयन गर्न आदेशानुसार अनुरोध छ।

८३।६।२९

जनक प्रसाद भण्डारी
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
प्रतिकार्य शाखा
सिंहदरबार, काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- १००५

मिति :- वि.सं. २०८३/०६/२८
ने.स. :- ११४६ कौलाथ्व,४ बुधवार

विषय: विपद् प्रतिकार्य कमाण्ड पोष्टको निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालयहरु, (सबै)।
श्री स्थानीय तह, (सबै)।

प्रस्तुत विषयमा केन्द्रीय विपद् प्रतिकार्य कमाण्ड पोष्टको मिति २०८३ असोज २६ गतेको निर्णय यसैसाथ संलग्न छ। संलग्न निर्णयहरुमध्ये तहाँसँग सम्बन्धित निर्णयहरु यथासक्य कार्यान्वयन गरी गराई सो को प्रगति विवरणसमेत उपलब्ध गराइदिनुहुन निर्णयानुसार अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय
दर्ता नं १८३६
दर्ता मिति २०८३/६/२९

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Ram Bahadur K.C
rambdr.kc90@gmail.com

(राम बहादुर के सी)
उप सचिव

सादर अवगतार्थ :
माननीय गृह मन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय।
श्रीमान् गृह सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

बोधार्थ:
श्री विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
गृह मन्त्रालय।

# विपद् प्रतिकार्य कमाण्ड पोष्टको बैठकका निर्णयहरु

## (मिति २०८३ असोज २६ गते सोमबार)

१. ७७ वटै जिल्ला सुरक्षा समितिहरुसँग भर्चुअल माध्यमबाट रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ बारेमा छलफल भयो। उक्त प्रक्रिया अनुसार बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्न शीघ्र कार्यआरम्भ गर्न सम्बन्धित सबै जिल्ला प्रशासन कार्यालयहरु र स्थानीय तहलाई अनुरोध गर्ने।

२. रसुवा भोटेकोशी बाढी सम्वन्धी खोज, उद्धार तथा राहत व्यवस्थापन कार्यमा खटिई अमूल्य योगदान पुऱ्याउनुहुने सुरक्षाकर्मी/उद्धारकर्मी (स्वदेशी तथा विदेशी) लगायतका महानुभावहरुलाई उहाँहरुको योगदानको उच्च मूल्याङ्कन गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रशंसा पत्र (Letter of Appreciation) उपलब्ध गराउने।

३. मिति २०८३ असोज १४ गतेको विपद् प्रतिकार्य कमाण्ड पोष्टको निर्णयानुसार गठित विपद्जन्य शव सनाखत टोली (Disaster Victim Identification Team) को लागि आवश्यक कार्यालय, कार्यालय संचालनको लागि आवश्यक जनशक्ति, सवारी साधन, मेसिन उपकरण, स्टेशनरी सामग्री, बजेट लगायतको व्यवस्था राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मिलाउने र सो को लागि सम्बन्धित अन्य निकायले प्राधिकरणको अनुरोध अनुसारको सहयोग उपलब्ध गराउने।

६।२८

कार्यकारी प्रमुख

# रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०८३।०६।१४ गतेको ३७ औं बैठकको निर्णय नं. ३ मा बाढीमा परी बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने सम्बन्धमा बेपत्ता भएका व्यक्तिको स्थायी ठेगाना रहेका सम्बन्धित स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले प्रमाणित गरी सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा पेश गर्ने, उक्त समितिले सिफारिस गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने र सो सम्बन्धी आवश्यक प्रकृया प्राधिकरणले निर्धारण गरे बमोजिम हुने निर्णय भएकोले सो को विस्तृत प्रक्रिया देहाय बमोजिम निर्धारण गरिएको छ।

(क) <u>नेपाली नागरिकको हकमा</u>

१. सम्बन्धित स्थानीय तहले बेपत्ता व्यक्ति यकिन गर्नका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्न आह्वान गरी बढीमा पाँच दिन समयावधी तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने।
२. प्रकाशित सूचना बमोजिम बेपत्ता भएका व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, निज र बेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोही बाढीमा बेपत्ता भएको हो भन्ने स्वघोषणासहित सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिने।
३. बेपत्ता भएका व्यक्तिको एकाघर परिवारका सदस्य नभएकाको हकमा सम्बन्धित वडा अध्यक्षले वडा सचिब र स्थानीय प्रहरीको रोहबरमा सोही बाढीबाट बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्कासहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने।
४. वडा समितिले प्राप्त निवेदनको जाँचबुझ गरी बेपत्ता यकिन गर्न स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा तुरुन्त सिफारिस गर्ने।
५. वडा समितिबाट सिफारिससाथ प्राप्त भएका बेपत्ता व्यक्तिहरुको विवरण जाँचबुझ गरी सम्बन्धित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले बेपत्ता यकिन गर्ने।
६. यकिन भएका बेपत्ता व्यक्तिको विवरण सम्बन्धित स्थानीय तहले दावी विरोधका लागि तीन दिनको म्याद दिई सार्वजनिक गर्ने।
७. सार्वजनिक गरिएको विवरणमा कसैको दावी विरोध परेमा सम्बन्धित स्थानीय तहले तीन दिनभित्र जाँचबुझ गरी अन्तिम यकिन विवरण सम्बन्धित वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पठाउने।

कार्यकारी प्रमुख

## निवेदनको ढाँचा

मितिः...../....../....

श्री वडा अध्यक्षज्यू,
........वडा समितिको कार्यालय,
................................पालिका।

विषयः बेपत्ता कायम गरी पाऊँ।

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुवा भोटेकोशी बाढीको समयमा..............प्रदेश ...........जिल्ला....................पालिका.......नं.वडा स्थायी ठेगाना भएका .............................................को नाती /नातिनी /बुहारी, .....................................................................को छोरा /छोरी /बुहारी वर्ष..............को श्री ............................................... मिति २०८३-०५-१० गते ....................................स्थानमा .............................................प्रयोजनको लागि रहनुभएको /जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ।

निवेदक

(नाम र सहीछाप)

संलग्न कागजातहरू

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)
२. एकाघर परिवारका सदस्य नभएकाको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए बमोजिमको निवेदन।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात।
४. स्वघोषणा।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

| दाँया | बाँया |
|---|---|
| | |



कार्यकारी प्रमुख

## स्वघोषणाको ढाँचा

मितिः ...../....../......

श्री वडा अध्यक्षज्यू,
........वडा समितिको कार्यलय,
.................................पालिका

विषयः स्वघोषणा ।

रसुवा भोटेकोशी बाढीमा परी..................प्रदेश ........................जिल्ला..................................पालिका.......नं. वडा स्थायी ठेगाना भएका ........................................................को नाति /नातिनी /बुहारी, ........................................................को छोरा /छोरी /बुहारी वर्ष............को मेरो .....................नाता पर्ने श्री ........................................................ मिति २०८३-०५-१० गते ..................................................स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ। निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढीबाहेक अन्यथा नरहेको बेहोरा स्वघोषणा गर्दै पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

<u>निवेदक</u>

(नाम र सहीछाप)

| दायाँ | बायाँ |
|---|---|
| | |

कार्यकारी प्रमुख